स्थानः बैठक कक्ष

समयः ~~बिहान~~ दिउँसो २.०० बजे

आज मिति २०८२/०१/१५ गतेका दिन सन्धिखर्क नगरपालिका नगर कार्यपालिकाको बैठक सन्धिखर्क नगरपालिकाका कार्यवाहक नगर प्रमुख श्री मिश्रा आचार्यको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी देहाय बमोजिमका निर्णय गरियो।

आर्थिक वर्ष २०८१/८२ कार्यपालिका बैठक सङ्ख्या १३

| क्रम सङ्ख्या | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री मिश्रा आचार्य | |
| २. | सदस्य | श्री माधव श्रेष्ठ | |
| ३. | सदस्य | श्री मोतिजङ्ग रायमाझी | |
| ४. | सदस्य | श्री जम्शेर मियाँ | |
| ५. | सदस्य | श्री कृष्ण प्रसाद श्रेष्ठ | |
| ६. | सदस्य | श्री ऋषव अधिकारी | |
| ७. | सदस्य | श्री श्रीधर महत्रा क्षेत्री | |
| ८. | सदस्य | श्री चुरा बहादुर के.सी | |
| ९. | सदस्य | श्री हुम प्रसाद बन्जाडे | |
| १०. | सदस्य | श्री पदम बहादुर भुसाल | |
| ११. | सदस्य | श्री मोहन सिंह ठकुरी | |
| १२. | सदस्य | श्री चेत नारायण आचार्य | |
| १३. | सदस्य | श्री नारायण खड्का | |
| १४. | सदस्य | श्री सीता बस्नेत | |
| १५. | सदस्य | श्री लिला भुसाल | |
| १६. | सदस्य | श्री कृष्णा भुसाल क्षेत्री | |
| १७. | सदस्य | श्री शारदा परियार | |
| १८. | सदस्य | श्री मान बहादुर सुनार | |
| १९. | सदस्य | श्री सुरज वि.क. | |
| २०. | सदस्य | श्री बसन्त नेपाली | |
| २१. | सचिव | श्री खिमानन्द भुसाल | |

CamScanner

मितिः २०८२/०१/१५
आर्थिक वर्ष २०८१/८२ बैठक सङ्ख्या १३

<u>बैठकका कार्यसूचीहरू</u>

१. प्रदेश समपुरक र विशेष अनुदानका योजना छनोट सम्बन्धमा ।

निर्णयहरुः

**१३.१.१** प्रदेश समपूरक अनुदान व्यवस्थापन कार्यविधि, २०७८ दोश्रो संशोधन, २०८१ बमोजिम आगामी आ.व.२०८२/८३ को लागि देहायका छनोट गरी लुम्बिनी प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउने र उक्त योजनाहरुको लागि नगरपालिकाको तर्फबाट ५० प्रतिशत लागत साझेदारी गर्ने गरी श्रोत सुनिश्चितता गर्ने ।

तपसिल

| प्राथमिकता क्रम | योजनाको नाम | लागत अनुमान | कैफियत |
|---|---|---|---|
| १ | चलेवाङ्- मथुरा- जरेखोला- मिलमिले- जोगिमारे सडक, | २,००,०९,८७६.५९ | |
| २ | फोहरमैला प्रशोधन केन्द्र पूर्वाधार निर्माण (डम्पीङ्साइट) | २,००,६५,८९९.३५ | |

१३.१.२ लुम्बिनी प्रदेशको विशेष अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ दोश्रो संशोधन, २०८१ बमोजिम आर्थिक वर्ष २०८२/८३ का लागि देहायको योजना छनोट गरी लुम्बिनी प्रदेश योजना आयोगको सचिवालय, राप्ती उपत्यका (देउखुरी), नेपालमा प्रस्ताव पेस गर्ने ।

तपसिलः

| प्राथमिकता क्रम | योजनाको नाम | लागत अनुमान रू. | कैफियत |
|---|---|---|---|
| १ | नविनतम प्रविधि सहितको धान, मकै, बाली प्रवर्धन कार्यक्रम | ४०,००,०००.०० | |

१३.२ हावा हुरीका कारण सन्धिखर्क नगरपालिकाका विभिन्न स्थामा बसोबास गर्ने नगरवासीका घर तथा गोठहरुका छाना उडाइ क्षती भएको विषयमा सम्बन्धित वडा कार्यालय र नगर कार्यपालिकाको कार्यालय समेतमा त्रिपाल मागको अत्यधिक चाप रहेकोले उल्लिखित घर/गोठ संरक्षणका लागि विपद् व्यवस्थापन शीर्षकमा विनियोजित रकम मध्येबाट रु ५ (पाँच ) लाख सम्मको त्रिपाल खरिद गरी सम्बन्धित नगरवासीलाई उपलब्ध गराउने ।

१३.३ अर्घाखाँची उद्योग वाणिज्य संघको प.सं २०८१/८२ चलानी नम्बर ४८ मिति २०८१/०९/०४ को पत्रबाट कृर्षि तथा औद्योगिक प्रदर्शनी मेला सञ्चालनका लागि रु १०००००। एकलाख माग भइ आएकोले अर्घाखाँची उद्योग वाणिज्य संघलाई आ.व २०८१/८२ को खर्च सङ्केत नम्बर २५३१५ अन्य संस्था सहायता शीर्षकमा विनियोजित रकमबाट रु १०००००। एकलाख उपलब्ध गराउने ।

१३.४ सन्धिखर्क नगरपालिका वडा नं १ स्थित शान्ति बगैंचमा निर्माण भएको डिप वोरिङ्ग खानेपानी निर्माणको खर्च लागि आ.व २०८१/८२ को खर्च सङ्केत नम्बर ३११५४ पूँजीगत निर्माण सामग्री सहयोगमा विनियोजित रकम मध्ये रु ४,८०,०००। (चारलाख असीहजार) र खर्च सङ्केत २२५२२ कार्यक्रम खर्च शीर्षकमा विनियोजित रकमबाट रु ११७०००। (एकलाख सत्रहजार देहायको शीर्षकमा देहाय बमोजिम रकम विनियोजन गरी भुक्तानी गर्ने।

१. शान्ति बगैंचामा पम्प र सहायक उपकरण जडान रु ३,३५,०००।
२. खानेपानी टङ्की खरिद भुक्तानी रु १,१५,०००।
३. शान्ती बगैंचा खानेपानी/ विद्युत वायरिङ्ग तथा फिटिङ् रु १,४७,०००।

१३.५ सन्धिखर्क नगरपालिकाले अर्घाखाँची अस्पतालमा आउने विशेषज्ञ चिकित्सकलाई नगरवासी र जिल्लावासीको सेवा गरे वापत नेपाल सरकारले स्वास्थ्य सेवाको नवौं तहको सुरु तलब स्केल बराबर रकम उपलब्ध गराउने प्रतिवद्धता गरे बमोजिम आर्थिक वर्ष २०८१/८२ मा २०८२/१/१४ गते नियुक्त कन्सल्टेन्ट अर्थोपेडिक सर्जनको तलब भुक्तानी गर्न श्री अर्घाखाँची अस्पताललाई आ.व २०८१/८२ मा खर्च सङ्केत खर्च शीर्षक करार सेवा शुल्क वा अन्य कुनै मिल्दो शीर्षकमा विनियोजित रकमबाट २ महिना १८ दिनको रु १,३५,२७०। (एकलाख पैतिस हजार दुइसय सत्तरी) भुक्तानी गर्ने ।